नेपाल सरकार
हुलाक सेवा विभागद्वारा
आ.व. २०८२/८३ को चौथौ त्रैमासिक समयावधि (२०८३ वैशाख १ गतेदेखि २०८३ असार मसान्तसम्म) मा सम्पादित कार्यहरूको संक्षिप्त विवरण

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

| | | |
|---|---|---|
| क. निकायको स्वरुप र प्रकृति | हुलाक सेवा विभाग केन्द्रीय स्तरको निकाय रहेको। यस अन्तर्गत हुलाक सेवालाई व्यवस्थापन गर्ने गोश्वारा हुलाक कार्यालय, हुलाक प्रशिक्षण केन्द्र गरी २ वटा निकायहरू रहेका, ६ वटा हुलाक निर्देशनालयहरू, ७० वटा जिल्ला हुलाक कार्यालयहरू, ६७६ वटा पालिका हुलाक कार्यालयहरू र २५८९ वटा अतिरिक्त हुलाक कार्यालयहरू रहेका छन्। | |
| ख. निकायको काम कर्तव्य अधिकार | हुलाक सेवालाई संचालन व्यवस्थापन र समयसापेक्ष परिमार्जन गर्ने, हुलाक सेवाको अध्ययन गर्ने, नीतिगत सुझाव, कर्मचारी व्यवस्थापन, हुलाक सेवाको व्यवस्थापनको लागि आवश्यक निर्णय गर्ने, मातहतका कार्यालयहरूको निरिक्षण अनुगमन गर्ने, मातहतका कार्यालयहरूलाई निर्देशन गर्ने विभाग अन्तर्गत भएका कामहरूको प्रगतिको माथिल्लो निकायमा प्रतिवेदन गर्ने। | |
| ग. निकायमा रहेका कर्मचारी दरबन्दी विवरण | महानिर्देशक-१ | |
| | निर्देशक-२ | |
| | शाखा अधिकृत-७ | |
| | कला अधिकृत-१ | |
| | लेखा अधिकृत- १ | |
| | नायव सुव्वा- ६ | |
| | कम्प्युटर अपरेटर-४ | |
| | टा.ना.सु-१ | |
| | खरिदार-८ | |
| | सिनियर मिस्त्री- १ | |
| | हलुका सवारी चालक-४ (१ जना स्थायी, करार ३ जना) | |
| | का.स.-११ (१ जना स्थायी, करार १० जना) | |
| घ. निकायवाट प्रदान गरिने सेवा | कर्मचारीको सरुवा, बढुवा लगायत व्यवस्थापन। | |
| | UPU, APPU लगायत अन्तराष्ट्रिय हुलाक सेवा सम्बन्धित संस्थाहरू सँग सहकार्य। | |
| | हुलाक सेवाको आवश्यकता र माग बमोजिम कार्यालय व्यवस्थापन, अध्ययन तथा डाँक रेखा पुनरावलोकन आदि। | |
| ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | प्रशासन तथा योजना शाखाः निर्देशक, जमुना मिश्र<br>डाँक, टिकट तथा अन्तराष्ट्रिय सम्बन्ध शाखाः निर्देशक, सपना कुमारी भट्टराई | |
| | कर्मचारी प्रशासन शाखा | शाखा अधिकृत, किशोर विश्वकर्मा |
| | फिलाटेलिक तथा टिकट व्यवस्थापन शाखा | शाखा अधिकृत, चन्द्रा थापा |
| | फिलाटेलिक तथा टिकट व्यवस्थापन शाखा | कला अधिकृत, पूर्ण कला लिम्बु |
| | योजना तथा अनुगमन शाखा | शाखा अधिकृत, ईश्वरी अर्याल |
| | जिन्सी व्यवस्थापन शाखा | शाखा अधिकृत, गोपाल निरौला |
| | अन्तराष्ट्रिय डाँक लेखा तथा अनुसन्धान शाखा | शाखा अधिकृत, यशोदा अर्याल |
| | अन्तराष्ट्रिय सम्बन्ध शाखा | शाखा अधिकृत, शितल सिंह उखेडा |

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

| | | |
|---|---|---|
| | आन्तरिक डाँक तथा अनुगमन शाखा | शाखा अधिकृत, |
| | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत, निर्मल गौतम |
| च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी | दस्तुरः निशुल्क<br>अवधिः तुरुन्त प्रकृया अघि बढाइने | |
| छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी | प्रक्रियाः सम्बन्धित शाखाको अधिकृतको पहलअनुसार प्रक्रिया आरम्भ भई महानिर्देशकज्यूबाट (आवश्यकतानुसार मन्त्रालयबाट) निर्णय हुने।<br>निर्णय गर्ने अधिकारीः महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनी | |
| ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी | महानिर्देशक | |
| झ. सम्पादन गरेको कामको विवरण | १. प्रशासन तथा योजना शाखाबाट भएका कामहरुः<br>१.१. पदस्थापन, काज तथा सरुवा, विदा सम्बन्धी, तालिममा मनोनयन तथा सिफारिस लगायतका कर्मचारी प्रशासन सम्बन्धी कामहरू निरन्तर भईरहेको।<br>१.२. आवश्यकतानुसार विभिन्न जिल्लाहरूमा प्रशासनिक तथा आर्थिक अख्तियारी प्रदान गरिएको।<br>१.३. जिल्लाहरूमा कार्यरत कर्मचारीहरूको विवरण संकलन तथा अद्यावधिक गर्ने काम भएको।<br>१.४. तालुक तथा मातहतका निकायहरूमा पत्राचार तथा समन्वयका कार्यहरू गरिएको।<br>१.५. Government Courier Service मार्फत हुलाक सेवालाई प्रभावकारी बनाउन सरकारी, गैरसरकारी एवं निजी क्षेत्र समेतका सरोकारवालाको सहभागितामा हुलाक सेवाको आधुनिकीकरण सम्बन्धी उच्चस्तरीय संवाद कार्यक्रम मिति २०८३/०३/१६ गते सूचना तथा सञ्चार मन्त्री डा. बिक्रम तिमिल्सिनाज्यूको प्रमुख अथित्यतामा काठमाडौंमा सम्पन्न गरिएको।<br>१.६. नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा हुलाक कार्यालयहरुलाई क्रमशः स्मार्ट हुलाकका रुपमा रुपान्तरण गर्ने नीति अनुसार मिति २०८२/०८/१२ गते मन्त्रायबाट स्मार्ट हुलाक छनोट आधार र मापदण्ड स्वीकृत भए बमोजिम देश भरिका हुलाक कार्यालयहरुसँग समन्वय गरी प्राप्त विवरण अनुसार मिति २०८३/०३/०५ गते ५० वटा हुलाक कार्यालयहरुलाई छनौट गरी सूचना प्रविधिमा आधारित स्मार्ट हुलाक बनाउन सूचना प्रविधि उपकरण हस्तान्तरण गरिएको।<br>१.७. आन्तरिक तथा वैदेशिक हुलाक वस्तु ढुवानी गर्न आवश्यक प्लाष्टिक थैला तथा बिमा थैलाहरु बोलपत्र मार्फत खरिद गरी कार्यालयको माग बमोजिम सम्बन्धित कार्यालयमा हस्तान्तरण गरिएको।<br>१.८. हुलाक सेवा सम्बन्धी जानकारीमूलक भिडियो प्रचारप्रसारका लागि अंग्रेजी माध्यममा निर्माण गरी वेभसाइटमा अपलोड गरिएको। | |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

१.९. संघीयता अनुसारको संगठन संरचना बमोजिम हुलाक कार्यालयहरुको लागि आवश्यक हुलाक कार्यालयहरुमा नाम, ठेगना एवं पोष्टल कोड सहितको हुलाक टाँचा खरिद खरी सम्बन्धित कार्यालयहरुमा हस्तान्तरण गरिएको।

१.१०. हुलाक सेवाको प्रचारप्रसारका लागि एवं विश्व हुलाक संघद्धारा निर्माण गरिएका हुलाकसँग सम्बन्धित सफ्टवेयरहरुको प्रयोगका सन्दर्भमा वृत्त चित्र निर्माण गरी जानकारीमूलक भिडियो वेभसाइटमा अपलोड गरिएको।

१.११. हुलाक सेवा विभाग र मातहतको निकायमा कार्यरत कर्मचारीहरुको विवरण PIMS मा अद्यावधिक गरिएको।

१.१२. नियमित प्रकृतिका प्रशासन सम्वद्ध विभागस्तरीय कार्यहरू सम्पन्न गरिएको।

१.१३. मातहतका केही कार्यालयहरूको निरीक्षण अनुगमन भएको।

२. डाँक, टिकट तथा अन्तराष्ट्रिय सम्बन्ध शाखाबाट भएका कामहरूः

२.१. अन्तर्राष्ट्रिय डाँक ढुवानी गर्नका लागि सम्झौता भएका एयरलाइन्सलाई भुक्तानीका लागि सिफारिस नियमित रुपमा भई रहेको।

२.२. टर्मिनल ड्युज सम्बन्धी कार्यहरु भई रहेको।

२.३ Yeti, Summit, Buddha air को हवाई डाँक वापतको रकम भुक्तानी गरिएको।

२.४. मिति २०८३ वैशाख ८ गते चितवनमा डाँकरेखा पुनरावलोकन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

२.५. E-commerce सम्बन्धी जनचेतनामूलक कार्यक्रम मिति २०८३/०१/१५ गते रसुवा र मिति २०८३/०२/२९गते लमजुङ जिल्लामा सम्पन्न गरिएको।

२.६. नेपाल टेलिकम, स्वास्थ्य बिमा, खुल्ला विश्वविद्यालय, राहदानी विभाग, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रसँग हुलाक वस्तु ढुवानीका लागि सम्झौता गरिएको।

२.७. जिल्लाका डाँक व्यवस्थापन तथा ढुवानी सम्बन्धी समस्याहरुमा सहजीकरण गरिएको।

२.८. गणतन्त्र दिवसको उपलक्ष्यमा मिति २०८३/०२/१३ गते भक्तपुर जिल्लामा विद्यालयहरुलाई समेत वृहत हुलाक टिकट प्रर्दशनी गरिएको।

२.९. गोश्वारा हुलाक कार्यालय, जिल्ला हुलाक कार्यालय, ललितपुर र जिल्ला हुलाक कार्यालय, भक्तपुर र अन्तर्गतका स्थानीय तहमा रहेका हुलाक कार्यालयहरु र हुलाक काउन्टरमा कार्यरत कर्मचारीहरुको लागि मिति २०८३/०२/०३ गते हुलाक टिकट व्यवस्थापन प्रणाली (PTMS) सम्बन्धी तालिम सञ्चालन गरिएको।

२.१०. मिति २०८३/०२/१९ गते भक्तपुर दरबार परिसरमा हुलाक टिकट प्रदर्शनी आयोजना गरिएको।

२.११. मिति २०८३/०२/२९ देखी २०८३/०३/०४ सम्म सुदुरपश्चिम प्रदेशका कैलाली, कञ्चनपुर, डडेल्धुरा र बैतडी जिल्लामा हुलाक टिकट व्यवस्थापन सम्बन्धी अनुगमन तथा हुलाक टिकट सम्बन्धी फोटो संकलन गरिएको।

२.१२. EMS, Letter तथा Parcel को त्रैमासिक तथा वार्षिक प्रतिवेदनहरुको तयारी तथा अभिलेखिकरण गरिएको।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

| | | | |
|---|---|---|---|
| | २.१३. अन्तर्राष्ट्रिय डाँक लेखालाई सुदृणीकरणका लागि अध्धयपन गरिएको।<br>२.१४. अन्तर्राष्ट्रिय डाँक लेखालाई व्यवस्थापन गर्न प्रणालीको विकास गरिएको।<br>२.१५. Nepal Post को बार्षिक प्रतिवेदन प्रकाशन गरिएको।<br>२.१६. Singapore Airlines, Qatar Airlines सँगको हुलाक वस्तु ढुवानीको सम्झौता गरिएको।<br>२.१७. APPU Contribution भुक्तानी गरिएको।<br>२.१८. Letter Post compendium, Parcel Post Compendium र EMS operational Guide update गरिएको।<br>२.१९. हुलाक सेवा विभागमा रहेको टिकटलाई व्यवस्थापन गर्न डिजिटलाइजेशन गरिएको।<br>२.२०. शाखाको कार्यविवरण तथा माइलस्टोन बमोजिमको कार्य सम्पादन गरिएको। | | |
| | प्रमुखको नाम र पद | महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनी | |
| | सूचना अधिकारी | निर्देशक, जमुना मिश्र | |
| ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | हुलाक सेवा सँग सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूची यसप्रकार छन्:<br>❖ **हुलाक सम्बद्ध ऐनहरू**<br>➢ हुलाक ऐन, २०१९<br>➢ आन्तरिक-हुलाक-वस्तु-बीमा गर्ने ऐन २०१९<br>❖ **हुलाक सम्बद्ध नियमावलीहरू**<br>➢ आन्तरिक हुलाक वस्तु बीमा गर्ने नियमहरू, २०१९<br>➢ हुलाक नियमावली, २०२०<br>➢ धनादेश नियमावली, २०३१<br>➢ हुलाक बचत बैंक नियमावली, २०३३<br>➢ अतिरिक्त हुलाक नियमावली, २०३४<br>➢ वैरङ्ग हुलाक नियमावली, २०३४<br>❖ **हुलाक सम्बद्ध कार्यविधि/निर्देशिकाहरू**<br>➢ हुलाक सेवा कार्यविधि निर्देशिका, २०६३<br>➢ हुलाक टिकट प्रकाशन निर्देशिका, २०७०<br>➢ हुलाक बचत बैक कार्यसञ्चालन (प्रथम संशोधन) निर्देशिका, २०७३ | | |
| ठ. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आम्दानीः रु. ४,८७,४२,५९३.६५ /-(अक्षरुपी चार करोड सतासी लाख बयालिस हजार पाँच सय तिरानब्बे रुपैया पैसठ्ठी पैसा) | | |
| | आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | | |
| | आ.व. २०८२/०८३ को असार मसान्तसम्मको विनियोजित बजेट तथा खर्चको विवरण | | बेरुजु विवरण (हजारमा) |
| | पुँजिगत बजेट रु. २,९२,००,०००/-( अक्षरुपी दुई करोड बयानब्बे लाख रुपैया)<br>खर्च रु. २,४२,४६,२८९/-( अक्षरुपी दुई करोड बयालिस लाख छयालिस हजार दुई सय उन्ननब्बे रुपैया) | | २०८३ असार मसान्तसम्म<br>- बेरुज-७०,३५,४३/-<br>- फछ्यौट-७,४४,४० /-<br>- फछ्यौट प्रतिशतः १०.५८ % |

| | | |
|---|---|---|
| | चालु बजेट रु. ३२,३१,३४,७६८/-(अक्षरुपी बत्तिस करोड एकतिस लाख चौतिस हजार सात सय अटसठ्ठी रुपैया)<br>खर्च रु. २८,७८,७३,२९५.३५/- (अक्षरुपी अठ्ठाइस करोड अठ्ठत्तर लाख तिरत्तर हजार दुई सय पनचानब्बे रुपैया पैतिस पैसा)<br>जम्मा (चालु तथा पुँजीगत) बजेट रु. ३५,२३,३४,७६८/- (अक्षरुपी पैतिस करोड तेइस लाख चौतिस हजार सात सय अठ्सठ्ठी रुपैया)<br>जम्मा खर्च रु. ३१,२१,१९,५८४.४/- (अक्षरुपी एकतिस करोड एककाइस लाख उनन्नाइस हजार पाँच सय चौरासी रुपैया चार पैसा) | |

ड. तोकिए बमोजिमका अन्य विवरण

१. आ.व. २०८२/८३ को विनियोजित बजेट तथा खर्चको विवरण

रु. हजारमा

| निकाय | वार्षिक विनियोजन | | २०८३ असार मसान्तसम्मको खर्च | | २०८३ असार मसान्तसम्मको प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | चालु | पुँजिगत | चालु | पुँजिगत | चालु | पुँजिगत |
| हुलाक सेवा विभाग | ३२,३१,३४ | २,९२,०० | २८,७८,७३ | २,४२,४६ | ८९.०८% | ८३.०३% |

ढ. विभागका वेबसाइट: https://www.nepalpost.gov.np

ण. हुलाक सेवा विभागमा रहेका शाखाहरुको आधिकारिक इमेलहरु

| क्र.सं. | शाखा | Email address |
|---|---|---|
| १ | कर्मचारी प्रशासन शाखा | admin@nepalpost.gov.com<br>nepalpost.hulak@gmail.com |
| २ | जिन्सी व्यवस्थापन शाखा | workshop@nepalpost.gov.np |
| ३ | योजना तथा अनुगमन शाखा | psdyojana@gmail.com |
| ४ | फिलाटेलिक तथा टिकट व्यवस्थापन शाखा | ticketdesign@nepalpost.gov.np |
| ५ | अन्तराष्ट्रिय सम्बन्ध शाखा | intlrelation@nepalpost.gov.np<br>info@postalservice.gov.np |
| ६ | अन्तराष्ट्रिय डाँक लेखा तथा अनुसन्धान शाखा | intmailacc@nepalpost.gov.np<br>info@nepalpost.gov.np |
| ७ | आन्तरिक डाँक तथा अनुगमन शाखा | internalmail@nepalpost.gov.np<br>psdpostalsection@gmail.com |

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

| | | |
|---|---|---|
| ८ | आर्थिक प्रशासन शाखा | account@nepalpost.gov.np<br>hulaksewabivag013@gmail.com |

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं